# नेपालमा बाली बिमा र यसको कार्यान्वयन पक्ष



**डा. युवकध्वज जि..सी.**
कृषि विभाग, महानिर्देशक

### परिभाषा

कुनै व्यक्तिको जीवन सम्बन्धमा निजको आयुको आधारमा किस्ताबन्दी बुझाउने गरी कुनै खास रकम तिरेमा निजले वा निजको मृत्यु भएको अवस्थामा निजको हकवालाले कुनै खास रकम पाउने गरी गरिने करार सम्बन्धी व्यवसायलाई जीवन बिमा भनिन्छ । सामान्य बोलचालमा बिमा भन्नाले जीवन बिमालाई नै भन्ने बुझिन्छ तर हाम्रो दैनिक जीवन यापनका क्रममा जीवन बिमाका अतिरिक्त निर्जीवन बिमाको पनि त्यत्तिकै महत्त्वपूर्ण स्थान रहि आएको छ । जीवन बिमा व्यवसाय बाहेक अन्य बिमा व्यवसायहरू निर्जीवन बिमा हुन । निर्जीवन बिमा खास गरी सम्पत्तिको हानि नोक्सानी र दायित्वको जोखिमबाट मुक्त हुनका लागि गरिने करार हो ।



निर्जीवन बिमा निश्चित अवधिका लागि गरिने सम्झौता हो यसमा बिमा कम्पनी र बिमा गर्ने व्यक्तिका बिच सम्झौता गरिएको हुन्छ । यस्ता सम्झौतालाई प्रचलित भाषामा करार भन्ने गरिन्छ । करार गर्दा तोकिएको निश्चित अवधिभित्र बिमा गरिएको सम्पत्तिको हानि नोक्सानी भएमा बिमाङ्कको परिधिमा रही वास्तविक रूपमा कति हानि नोक्सानी भएको हो, त्यसका आधारमा बिमा कम्पनीले सम्बन्धित पक्षलाई क्षतिपूर्तिका रूपमा नियमानुसार भुक्तानी गर्दछ । यसमा बिमित कम्पनी वा व्यक्तिले बिमा गरि सकेपछि दुवै हानि नोक्सानी वा जोखिमबाट मुक्ति प्राप्त गर्दछ । यस्तो बिमामा बिमा गरिएको अवधिमा कुनै हानि नोक्सानी वा दुर्घटना नभएमा बिमा कम्पनीले कुनै रकम तिर्नु पर्दैन । हालै नेपालमा सुरू गरिएको बाली तथा पशु बिमा निर्जीवन बिमाको एउटा अर्को उदाहरण हो ।

कृषकहरूको नियन्त्रण बाहिरका प्राकृतिक जोखिमहरूबाट बालीमा हुने क्षति, हानि नोक्सानी विरूद्ध आर्थिक सुरक्षण प्रदान गर्ने पद्धतिलाई बाली बिमा भनिन्छ । बाली बिमा कृषिक्षेत्रको विकासका लागि बालीमा आउने जोखिमहरू बिमकलाई हस्तान्तरण गरी जोखिम व्यवस्थापन गर्ने एक महत्त्वपूर्ण साधन हो ।

### आवश्यकता

नेपाल जस्तो विकासोन्मुख देशमा बाढी, पैह्रो, सुक्खा, खडेरी, अतिवृष्टि, अनावृष्टि, रोगकिराको प्रकोप जस्ता अनगिन्ती प्राकृतिक प्रकोपबाट बालीनालीमा बर्सेनि नोक्सानी पुग्ने गरेको छ । यसबाट साना तथा सीमान्त कृषकहरू बढी प्रभावित हुने गरेका छन् । बालीनालीमा आएको नोक्सानीले गर्दा कृषकहरूका अलावा अन्य संस्थाहरू पनि त्यत्तिकै प्रभावित हुने गरेका छन् । कृषि बालीमा हुने नोक्सानीबाट कृषक तथा उद्यमीहरूको आर्थिक स्थितिमा ह्रास आउने मात्र नभएर यसले बृहत् रूपमा देशको अर्थतन्त्रमा समेत प्रतिकूल प्रभाव पार्ने हुँदा बाली बिमाको उपयोग गर्न सके केही हदसम्म बाली नोक्सानीबाट पर्न सक्ने चौतर्फी असरलाई न्यूनीकरण गर्न मद्दत पुग्दछ ।

## बाली बिमाको सुरुवात

कृषि तथा पशु पालन व्यवसायमा भएका जोखिमहरू कम गरी ती व्यवसायतर्फ कृषकहरूलाई आकर्षण गर्न, कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी बढाउन र लगानी सुरक्षित गर्न आवश्यक भएको महसुस गरी शासकीय तथा आर्थिक सुधारको तत्कालीन कार्ययोजना, २०६९ का आधारमा २०६९ माघ १ गतेदेखि नेपाल सरकारले बाली तथा पशुधन बिमा कार्यक्रम सुरु गरेको छ ।

## निर्देशिका

आ.व. ०६९–७० मा बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउन नेपाल सरकारले आवश्यक बजेट व्यवस्था गरेको र अनुदान उपलब्ध गराउने कार्यलाई व्यवस्थित एवं प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि कृषि विकास मन्त्रालयले बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० तयार पारी पेस भएकोमा मिति : २०७० जेठ ० ९ गतेको मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट उक्त निर्देशिका स्वीकृत गरिएको थियो । बिमाको प्रिमियममा ५० प्रतिशत अनुदान उपलब्ध गराउने गरी उक्त निर्देशिकामा व्यवस्था भएकोमा २०७१ भदौ २६ गते उक्त निर्देशिकाको पहिलो संशोधन भई विगतमा व्यवस्था भएको ५० प्रतिशत प्रिमियममा अनुदान दिने व्यवस्थाको साटो मिति २०७१ श्रावण ०१ गतेबाट लागु हुने गरी ७५ प्रतिशत अनुदान उपलब्ध गराउने गरी संशोधन भएको छ ।

## उद्देश्य

बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका-२०७० अनुसार निर्देशिकाका देहाय बमोजिम उद्देश्यहरू रहेका छन् :

क) कृषकहरूले काबुभन्दा बाहिरको परिस्थितिबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गरी कृषकहरूलाई व्यावसायिक खेतीतर्फ आकर्षित गर्न सहयोग गर्ने ।

ख) कृषिको व्यवसायीकरणका लागि जोखिम न्यूनीकरण गरी कृषकले माछा, पशुपक्षी र कृषिउपजमा गरेको लगानीलाई सुरक्षित गर्न सहयोग गर्ने ।

ग) कृषिक्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी आकर्षित गर्न सहयोग गर्ने ।

## बिमा लेख तयारी

बाली तथा पशुधन बिमा कार्यक्रमको प्रक्रिया सुरू गर्न बिमा लेख तयार पार्नु पहिलो आवश्यकता हो । यसका लागि कृषि विभागको समन्वयमा विभाग मातहतका फलफुल विकास निर्देशनालय, तरकारी विकास निर्देशनालय, बाली विकास निर्देशनालय, मत्स्य विकास निर्देशनालय र कृषि अनुसन्धान तथा तथ्याङ्क विकास कार्यक्रमको सहभागितामा फलफुल, तरकारी, माछा, अन्नबाली, दलहन बाली, मसला बाली लगायतका विभिन्न कृषिवस्तुको खेती खर्च (Cost of Production) तयार पारी बिमा लेखका लागि बिमा समितिमा उपलब्ध गराइको छ ।

## बिमा शुल्क

बिमा कम्पनीले बिमितको जोखिम ग्रहण गरे बापत बिमितसँग जोखिम अनुरूप निश्चित शुल्क लिने गर्दछ जसलाई बिमाशुल्क (Premium) भनिन्छ । बिमाशुल्क बिमाङ्क रकमको पाँच (५) प्रतिशत प्रतिबालीका दरले लाग्दछ ।

## क्षतिको मूल्याङ्कन

बिमा कम्पनीले सर्भेयरको व्यवस्था नगरि सकेको हालको अवस्थामा कुनै कारणबाट बिमा अवधिभित्र हानि नोक्सानी भएमा जिल्ला कृषि विकास कार्यालयका सम्बन्धित विषय विशेषज्ञ वा जिल्लाले तोकेको फोकल पर्सनले बालीको कुन अवस्थामा कति प्रतिशत क्षति भएको छ सो को स्थलगत यकिन गरी सो आधारमा लागत मूल्य अनुसारको क्षतिपूर्ति रकम भुक्तानीका लागि बिमा कम्पनीलाई सिफारिस गर्दछ । बालीको आंशिक क्षतिमा सिफारिस अनुसार र पूर्ण क्षतिमा उल्लिखित बिमाङ्क रकमको ९० प्रतिशत रकम बिमितलाई भुक्तानी दिने व्यवस्था गरिएको छ ।

## बिमा कम्पनीहरू र कार्यक्षेत्र :

बिमा कम्पनीहरूको जिल्लातहसम्म संरचना नहुनु, कृषक एवं बिमा कम्पनीहरूका प्रक्रियामा केही अस्पष्टता

रहनु र कृषकको तहमा पुगेर बिमा गराउन सहजीकरण गर्ने बिमा अभिकर्ताहरूको अभावले गर्दा बाली तथा पशु बिमा कार्यान्वयनबाट अपेक्षित उपलब्धि हासिल हुन नसकि रहेको वर्तमान यथार्थतालाई महसुस गरी हालै बाली तथा पशुपक्षी बिमा गर्ने १७ वटै कम्पनीहरूलाई जिल्लाको क्लस्टर बनाई जिल्लाहरू विभाजन गरिएको छ । यी बिमा कम्पनीहरूबाट तोकिएका जिल्लाहरूमा अनिवार्य रूपमा कृषिबिमा कार्यक्रम सञ्चालन गर्नु पर्ने अनिवार्य दायित्व प्रदान गरिएको छ भने अन्य जिल्लाहरूमा आवश्यकता अनुसार बिमा व्यवसाय गर्न पाउने व्यवस्था रहेको छ । यसबाट दुर्गम जिल्लाहरूमा पनि बाली तथा पशुपक्षी बिमाको प्रवर्द्धन भई कृषक उद्यमीहरू समक्ष पहुंच पुग्ने विश्वास राखिएको छ । बिमा कम्पनी र जिल्लाहरू यस प्रकार छन् :

| | | |
|---|---|---|
| १ | नेपाल इन्सुरेन्स कम्पनी : | दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर |
| २ | दि ओरियन्टल इन्सुरेन्स कम्पनी : | धनकुटा, सुनसरी, तेह्रथुम र सप्तरी |
| ३ | राष्ट्रिय बिमा संस्थान : | रोल्पा, प्युठान, दाङ, अर्घाखाँची र कपिलवस्तु |
| ४ | नेसनल इन्सुरेन्स कम्पनी : | बझाङ, कैलाली र डोटी |
| ५ | हिमालयन इन्सुरेन्स कम्पनी : | सिन्धुपाल्चोक, काभ्रे पलाञ्चोक, ललितपुर, पर्सा र बारा |
| ६ | युनाइटेड इन्सुरेन्स कम्पनी : | हुम्ला, बाजुरा र अछाम |
| ७ | प्रिमियर इन्सुरेन्स कम्पनी : | दोलखा, रामेछाप, सिन्धुली, सर्लाही र रौतहट |
| ८ | एभरेष्ट इन्सुरेन्स कम्पनी : | कालीकोट, दैलेख, सुर्खेत र बर्दिया |
| ९ | नेको इन्सुरेन्स कम्पनी : | ताप्लेजुङ, इलाम, पाँचथर, झापा र मोरङ |
| १० | सगरमाथा इन्सुरेन्स कम्पनी : | मुगु, जाजरकोट र जुम्ला |
| ११ | प्रभु इन्सुरेन्स कम्पनी : | मुस्ताङ्, म्याग्दी, बाग्लुङ्, गुल्मी र स्याङ्जा |
| १२ | एन बि इन्सुरेन्स कम्पनी : | सोलुखुम्बु, ओखलढङ्गा, महोत्तरी र धनुषा |
| १३ | प्रुडेन्सियल इन्सुरेन्स कम्पनी : | गोरखा, लमजुङ, तनहुं, नवलपरासी |
| १४ | शिखर इन्सुरेन्स कम्पनी : | चितवन, मकवानपुर, धादिङ, नुवाकोट र रसुवा |
| १५ | लुम्बिनी इन्सुरेन्स कम्पनी : | संखुवासभा, भोजपुर, खोटाङ, उदयपुर र सिराहा |
| १६ | एन एल जि इन्सुरेन्स कम्पनी : | डोल्पा, रूकुम, सल्यान र बाँके |
| १७ | सिद्धार्थ इन्सुरेन्स कम्पनी : | मनाङ, कास्की, पर्वत, पाल्पा र रूपन्देही |

**बिमा अभिकर्ता**

बिमा कम्पनीको तर्फबाट तलबी कर्मचारीको रूपमा नभई निश्चित कमिसनका आधारमा बिमकको तर्फबाट बिमित समक्ष गई बिमा प्रवर्द्धन कार्य गर्ने व्यक्तिलाई बिमा अभिकर्ता भनिन्छ । बिमा अभिकर्ताको न्यूनतम शैक्षिक योग्यता एस.एल.सी. वा सो सरहको उत्तीर्ण गरेको हुनु पर्दछ । कृषिक्षेत्र बुझेको व्यक्ति भएमा बिमाको काममा सहज हुने भएकाले ५१ दिने तालिम लिएका ग्रामीण कृषि कार्यकर्ता, नायब प्राविधिक सहायक, प्राविधिक सहायक, तथा सेवा निवृत्त कृषि प्राविधिकहरूलाई बिमा अभिकर्ता बन्न उत्प्रेरित गरिएको छ । यी व्यक्तिहरूले बिमा समिति वा सम्बन्धित बिमकले सञ्चालन गरेको बिमा अभिकर्ता सम्बन्धी तालिम अनिवार्य लिएको हुनु पर्दछ । बाली तथा पशुपन्छी बिमा अभिकर्ताको एक दिने आधारभूत तालिम मिति : २०७१।११।०२-०४ सम्म बीमा समितिबाट सञ्चालन गरिएको थियो । उक्त तालिमका सहभागीहरूको विवरण :

**१. पूर्वाञ्चल क्षेत्र :**

ताप्लेजुङ २, इलाम २, झापा ६, तेह्रथुम, धनकुटा, सुनसरी, सप्तरी ४, सिरहा ३, ओखलढुङ्गा (२१ जना)

**२. मध्यमाञ्चल क्षेत्र :**

सर्लाही २, महोत्तरी २, रामेछाप, चितवन, मकवानपुर, रौतहट, पर्सा, रसुवा २, ललितपुर १२, नुवाकोट ६, काभ्रे ४, भक्तपुर ७, काठमाडौँ ७ (४७ जना)

**३. पश्चिमाञ्चल क्षेत्र :**

लमजुङ ३, पर्वत २, म्याग्दी २, बाग्लुङ, मुस्ताङ,

नवलपरासी ३, कपिलवस्तु, रूपन्देही २, पाल्पा, गुल्मी, अर्घाखाँची (१८ जना)

### ४. मध्य पश्चिमाञ्चल क्षेत्र :

सल्यान २, प्युठान २, रूकुम, दैलेख २, जाजरकोट, कालिकोट, जुम्ला (१० जना)

### ५. सुदूर पश्चिमाञ्चल क्षेत्र :

कैलाली, डडेल्धुरा, बाजुरा (३ जना)

यसका अलावा धनगढी र तानसेनमा पनि बिमा अभिकर्ता तालिम कार्यक्रम सञ्चालन गरी कृषि बिमा कार्यलाई कृषकको घर खेतसम्म पहुँच पुऱ्याउने कार्यलाई निरन्तरता दिइँदै आएको छ ।

## हेल्प डेस्क स्थापना

बिमा कम्पनीहरूको कार्यलाई थप प्रभावकारी बनाउन जिल्ला कृषि विकास कार्यालय तथा जिल्ला पशु सेवा कार्यालयहरूमा बिमा कम्पनीहरूको हेल्प डेस्क स्थापना गर्ने निर्णय गरिएको छ । यसका लागि तपसिल अनुसारका जिल्लाहरूमा हेल्प डेस्कका लागि बिमा कम्पनीका लागि कार्यकक्ष उपलब्ध गराइ दिन भनी कृषि विभागबाट सम्बन्धित जिल्लाहरूमा पत्राचार गरिएको छ :

### क) जिल्ला कृषि विकास कार्यालय

झापा, पाँचथर, मोरङ, भोजपुर, धनकुटा, सङ्खुवासभा, सिराहा, ओखलढुङ्गा, धनुषा, सर्लाही, रामेछाप, दोलखा, धादिङ, ललितपुर, सिन्धुपाल्चोक, बारा, चितवन, कास्की, स्याङ्जा, कपिलवस्तु, रूपन्देही, अर्घाखाँची, गुल्मी, बाग्लुङ, पर्वत, दाङ, रोल्पा, सल्यान, जुम्ला, कालीकोट, बाँके, बर्दिया, सुर्खेत, दैलेख, कैलाली, डोटी, डडेल्धुरा र दार्चुला ।

### ख) जिल्ला पशु सेवा कार्यालय

इलाम, ताप्लेजुङ, सुनसरी, तेह्रथुम, सप्तरी, उदयपुर, खोटाङ, सोलुखुम्बु, महोत्तरी, सिन्धुली, काभ्रे पलाञ्चोक, रसुवा, नुवाकोट, पर्सा, रौतहट, मकवानपुर, गोरखा, लमजुङ, तनहुँ, मनाङ, नवलपरासी, पाल्पा, म्याग्दी, मुस्ताङ, प्युठान, रूकुम, डोल्पा, हुम्ला, मुगु, जाजरकोट, अछाम, बझाङ, बाजुरा, कञ्चनपुर र बैतडी

## बिमाङ्कको सीमा

बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७०को परिच्छेद ३ को ८ (ग) मा हाललाई बिमा प्रिमियममा अनुदान स्किम अन्तर्गत प्रतिबिमाङ्कको अधिकतम सीमा रू. १ करोडसम्मको मात्र हुने छ भनी उल्लेख भएको भए तापनि पहिलो संशोधन २०७१।०५।२६ अनुसार यो सीमालाई हटाइएको छ ।

## संस्थागत व्यवस्था

बाली तथा पशुधन बिमाको प्रभावकारी कार्यान्वयन र संयोजनका लागि कृषि विकास मन्त्रालय अन्तर्गत कृषि व्यवसाय प्रवर्द्धन तथा तथ्याङ्क महाशाखा अन्तर्गतको कृषि व्यवसाय प्रवर्द्धन शाखा र कृषि विभाग अन्तर्गत प्रविधि विस्तार तथा समन्वय अन्तर्गतको दैवी प्रकोप तथा राहत व्यवस्थापन शाखाका जिम्मेवार कर्मचारीलाई बिमा फोकल पर्सन तोकिएको छ ।